९६३४/१२४६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४४६/२०७१/०७२

निर्णय नं. १३४६

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्मा ..........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर ..........................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

**रौतहट** जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१३ मा निवेदन गरेको ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०३।२३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय रौतहटको नाममा च. नं. ३५, मिति २०७२।०३।२७ मा पत्र लेखी गएको ।

तत् पश्चात पुनरावेदकले मिति २०७२।०५।०९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने जिल्ला विकास समिति, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको । उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समिति रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीका नाममा मिति २०७२।०५।१५ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता पत्र लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७२।०५।१५ को ताकेता पश्चात पनि जिल्ला विकास समितिको कार्यालय रौतहटले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७२।१२।२३ मा उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समितिको कार्यालय रौतहटलाई मिति २०७३।०२।०२ मा आयोगको आदेश कार्यान्वयन नहुनुको कारण सहित ७ दिन भित्र आयोगमा जानकारी उपलब्ध गराउन लेखी गएको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा जिल्ला विकास समितिको कार्यालय रौतहटले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको एक वर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।०३।२३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असार २६ गते रोज १ शुभम् ।